# आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १८ मितिः २०८३/०२/२६

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को
उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत ऐनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

**आठविसकोट नगरपालिकाको विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि २०८३**

नगर कार्यपालिकामा पेश भएको मिति :२०८३/०२/०४

नगर कार्यपालिकामा पारित भएको मिति:२०८३/०२/०४

प्रमाणिकरण मितिः २०८३/०२/०६

आठविसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम भाग)

## कर्णाली प्रदेश, नेपाल

**आठविसकोट नगरपालिकाको विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि २०८३**

**आठविसकोट नगरपालिका**

**रुकुम (पश्चिम भाग)**

आठविसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

**प्रस्तावनाः** नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भए पश्चात तुरून्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यपालिका" भन्नाले आठविसकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ बमोजिमको कोष सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिका सम्झनु पर्छ।

(घ) "प्रभावित" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्ति र समुदायलाई सम्झनु पर्छ।

(ङ) "प्राधिकरण" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० मा व्यवस्था भएको प्राधिकरणलाई सम्झनु पर्छ।

(च) "राहत" भन्नाले स्वीकृत राहत मापदण्ड अनुसार विपद् प्रभावितलाई प्रदान गरिने नगद तथा वस्तुगत सहायता सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले आठविसकोट नगरपालिकाको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज) "संयोजक" भन्नाले आठविसकोट नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद–२ : कोषको व्यवस्था, उद्देश्य र आम्दानी स्रोत

**३. कोषको व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य नगर स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ को उपदफा (१) अनुसार नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा आय रकम संकलन र रकमको व्यय तथा परिचालनका लागि नगरपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ।

**४. कोषको उद्देश्यः**

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(१) नगर क्षेत्रमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि वित्तीय तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको मुख्य उद्देश्य रहनेछ ।

(२) उपदफा (१) का अतिरिक्त कोषका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः–

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्न क्षमता विकासका कार्य र राहतको व्यवस्था गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यहरु गर्नका लागि आवश्यक व्यवस्था गर्ने ।

(घ) नगरपालिका क्षेत्रमा विपद्को उच्च जोखिमको सम्भावना भएका ठाउँहरु पहिचान गरी विपद्बाट प्रभावित हुन सक्ने व्यक्ति तथा परिवारहरूलाई सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने ।

**५. कोषको आम्दानी स्रोतः**

(१) कोषमा नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ को अधिनमा रही देहाय बमोजिमका रकम आम्दानीको रुपमा जम्मा हुनेछः–

(क) नगरपालिकाको वार्षिक बजेटमार्फत विपद् व्यवस्थापनका लागि स्वीकृत रकम,

(ख) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी कुनै स्थानीय तहबाट प्राप्त रकम,

(ग) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त रकम,

(घ) नगरसभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम कुनै शुल्क, दस्तुर, रोयल्टी आदि आयबाट विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त रकम,

(ङ) स्वदेशी विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाहरू, त्यसमा कार्यरत कर्मचारीहरू र उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(च) नगरसभा सदस्य, नगर कार्यपालिका सदस्य तथा नगरपालिकाका कर्मचारीहरूबाट स्वेच्छिक रुपमा प्राप्त हुने रकम,

(छ) संघीय संसद सदस्य, प्रदेशसभा सदस्य, निजामति, जंगी, प्रहरी कर्मचारी आदिबाट प्रदान गरिने रकम,

(ज) गैर आवासीय नेपाली तथा वैदेशिक संघ संस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

(झ) विभिन्न देशमा रोजगारी, अध्ययन आदि कामका लागि विदेशमा रहेका नेपाली नागरिकले व्यक्तिगत र समूहगत रुपमा उपलब्ध गराएको सहयोग रकम,

(ञ) विपद् व्यवस्थापन कार्यका लागि नेपाल सरकारको स्वीकृतिमा कुनै विदेशी सरकार, संघ संस्थाबाट सहयोग, अनुदान तथा ऋण स्वरुप प्राप्त रकम,

(ट) विपद् व्यवस्थापन सम्बन्धी कार्यक््रmम र आयोजना लागत सहभागिताको आधारमा सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र कुनै सरकारी वा गैरसरकारी संस्था तथा व्यक्ति वा समूहले कोषमा सशर्त उपलब्ध गराएको नगद रकम र वस्तुगत सहायता,

(ठ) व्यवसायिक संघ संस्थाहरुले आफ्नो व्यवसायिक उत्तरदायित्वको आधारमा प्रदान गर्ने रकम,

(ड) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) कोषको कूल आम्दानीको रुपमा दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले उपलब्ध गराएको ब्याज आय र दफा ७ को उपदफा (४) बमोजिम लिलाम बिक्रिबाट प्राप्त रकम समेतलाई जनाउँनेछ।

**६. कोषलाई उपलब्ध हुने रकम जम्मा गर्ने र विवरण सार्वजनिक गर्नेः**

(१) यस कार्यविधि बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन सक्नेछ।

(२) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गरिनेछ।

**७. वस्तुगत सहायता सामाग्रीः**

(१) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता प्राप्त हुन आएमा र त्यसरी प्राप्त सहायता विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता नगरपालिकाबाट स्वीकार गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायतालाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो वस्तुगत सहायताको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा खुलाई छुट्टै अभिलेख गरिनेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सहायताको साथमा प्राप्त हुने खरिद बीजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ।

तर वस्तुगत सहायताको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश हुने छैन।

(३) कुनै वस्तुगत सहायताको मूल्य नखुली प्राप्त हुन आएकोमा त्यस्तो वस्तुगत सहायताको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार समेत मानी नगर विपद व्यवस्थापन समितिले ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने तथा सड्ने, बिग्रने, नासिने वा खेर जाने प्रकृत्तिको भएमा समितिको सिफारिसमा नगरपालिका कार्यालयले त्यस्तो वस्तुगत सहायतालाइ प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी लिलाम बिक्रिबाट प्राप्त आय रकमलाई कोषको खातामा जम्मा गरिनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुगत सहायता नगरपालिकाको विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सक्नेछ।

(६) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तुगत सहायता प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तर नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई नगरपालिकाले अस्वीकार गर्नेछ।

(७) उपदफा (१)  बमोजिम प्राप्त भएको वस्तुगत सहायतालाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ।

(८) उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समितिले थप मापदण्ड वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**८. सशर्त सहायताः**

(१) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पादन गर्ने शर्त सहित कुनै सरकारी वा गैरसरकारी संस्था तथा व्यक्ति वा समूहले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिबाट शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी विषयमा निर्णय हुनेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ।

तर नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा उपदफा (१) बमोजिमको पूर्व निर्णय आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त नगद रकम वा वस्तुगत सहायता सामाग्रीलाई शर्तमा तोकिएको काममा मात्र उपयोग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त हुन सक्ने सशर्त रकम उपलब्ध गराउने संस्था वा निकायले विपद् जोखिम न्यूनीकरणका आयोजनाका लागि लागत सहभागिताको शर्त राखेको अवस्थामा नगरपालिकाले अधिकतम तीस प्रतिशत रकम लागत सहभागिताको लागि सुनिश्चित गर्नेछ।

(४) उपदफा (१) बमोजिम कोषमा प्राप्त नगद रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए–नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने संस्था वा व्यक्तिले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनु पर्नेछ।

**९. स्थानीय तह मार्फत नेपाल सरकार र प्रदेश सरकारले कार्य गराउन सक्नेः**

(१) नेपाल सरकार, प्रदेश सरकार लगायतका निकायहरुबाट स्थानीय तहका क्षेत्रहरुमा कार्य गर्ने गरी संघ र प्रदेशका कानूनमा व्यवस्था गरिए बमोजिमका स्थानीय स्तरका कार्यहरु नगरपालिका मार्फत गराउन उपलब्ध हुने रकम कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिम कानूनी व्यवस्था अनुसार संघ र प्रदेशले स्थानीय तहमार्फत गर्न सकिने केही कार्यहरुको उल्लेख अनुसूची–१ मा गरिएको छ।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले माग गर्दा दफा १२ को उपदफा (२) बमोजिमको विवरण सहित अनुसूची–३ अनुसारको फारम भरी माग गर्नु पर्नेछ।

## परिच्छेद–३: कोष खर्च गर्ने कार्यक्षेत्र

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

**(१०) कोष खर्च गर्ने कार्यक्षेत्रः**

(१) कोषमा जम्मा भएको रकम तथा वस्तुगत सामाग्री देहाय बमोजिमको कार्यका लागि खर्च गरिनेछः

**(क) विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यः**

(१) नगरपालिका क्षेत्रमा गाड, खोला, नदीको बहाव थुनिएर बनेको दह वा ताल, चट्टान वा पहिरो खस्न वा झर्न लागेको सम्भावित अवस्था, नदीले कटान गर्ने र बगाउने अवस्थाका उक्त ठाउँहरुमा तत्कालै कार्य नगरे विपद्को घटना घट्न सक्ने सम्भावना भएको अवस्थामा पूर्वतयारी, जनचेतनामूलक कार्यक्रम र नियन्त्रणको प्रारम्भिक कार्य गर्ने र प्राविधिक चेकजाँच गराई प्रतिवेदन अनुसार समितिले तत्कालै विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य गर्ने,

(२) नगरपालिकाको विभिन्न ठाउँहरुमा ठूला ठूला पहिरोको कारण विपद् जोखिम रहेकोले विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतनामूलक कार्यक्रम र पहिरो जोखिम नियन्त्रणका लागि वन फडानीमा रोक, आगलागी नियन्त्रण, वायोईन्जिनियरिङ तथा वृक्षारोपण लगायतका कार्यक्ृrmमहरु संचालन गर्ने,

.(३) नगरपालिका क्षेत्रमा सडक दुर्घटनाको जोखिम भएकोले त्यस्ता क्षेत्रहरुमा सडक सुधारका लागि आवश्यक व्यवस्था गर्ने र सवारी चालकलाई चेतनामूलक कार्यक्रम संचालन गर्ने,

(४) नगरपालिकाको क्षेत्रमा वन्यजन्तुको आक्रमण र बाली नोक्सानी नियन्त्रणका लागि घेराबार लगाउने जस्ता आवश्यक व्यवस्था गर्ने,

(५) नगरपालिकाको उच्च भू–भागका क्षेत्रमा भारी हिमपात हुने भएकोले त्यस्ता क्षेत्रहरुमा सुरक्षित हुने उपाय लगायत जनचेतना कार्यक्रमहरु संचालन गर्ने,

(६) जोखिम ठाउहरुको नक्शाङ्कन, उच्च जोखिममा रहेका बस्तीको अध्ययन, बाढी नियन्त्रण र पहिरोको रोकथाम जस्ता ठूला प्रकृतिका कार्यका लागि साझेदारी र लागत सहभागितामा सरकारी तथा गैर–सरकारी निकायहरुबाट स्रोत जुटाई कार्य सम्पादन गर्ने,

(७) नगरपालिका क्षेत्रका ठूला प्रकृतिका सूचिकृत पहिरोहरुको नियन्त्रणको व्यवस्था गर्ने र नियन्त्रणको लागि अत्यधिक बजेट लाग्ने भएमा बस्ती स्थानान्तरणका लागि साझेदारी र लागत सहभागिताका कार्यक्रम संचालन गर्न सरकारी तथा गैर–सरकारी निकायहरुबाट स्रोत जुटाउने व्यवस्था गरी नगरपालिकाको तर्फबाट लागत सहभागिताको रकम व्यवस्था गर्ने,

(८) उच्च जोखिममा रहेका बस्तीलाई स्थानान्तरण गर्नका लागि वैकल्पिक स्थानहरु पहिचान गरी स्थानान्तरण कार्य गर्ने,

(९) नगरपालिका क्षेत्रमा भूकम्प, महामारी, आगलागी, हुरीबतास लगायत अन्य प्रकोपको कारणले हुने विपद्बाट असर र प्रभाव हुन नदिन रोकथाम गर्न विपद् जोखिम न्यूनीकरण, जनचेताना लगायतका आवश्यक कार्यहरु गर्नेर्,

(१०) सुख्खा मौसममा नगरपालिका क्षेत्रका विभिन्न क्षेत्रमा डढेलो र आगलागीका घटना हुने भएकोले सो को नियन्त्रणका लागि पूर्वतयारी गर्ने र जनचेतनाका कार्यक्रमहरु ंचालनको व्यवस्था गर्ने,

(११) नगरपालिकाको विभिन्न ठाउँहरुमा चट्याङ, आगलागी र असिनाको प्रभाव क्षेत्र भएकोले त्यस्ता क्षेत्रहरुमा सुरक्षित हुने उपाय लगायत जनचेतना कार्यक्रमहरुको संचालन गर्ने,

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(१२) उपदफा (१) खण्ड (क) बमोजिमका विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य सम्पादन गर्नका लागि कार्यक्रम तथा आयोजनाहरु पहिचान र छनौट गर्दा विपद् प्रभावित क्षेत्रका महिला, जेष्ठ नागरिक, बालबालिका, असक्त, अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा परेका विपन्न समुदायको सहभागिता गराईनेछ र यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने गरी कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गरिनेछ।

**(ख) विपद् पूर्वतयारी सम्बन्धी कार्यः**

(१) समितिले खोज, उद्धार तथा राहत र प्राथमिक उपचारका लागि सामाग्रीको लगत खडा गरी पर्याप्त भण्डारण व्यवस्था गर्ने र सामाग्री आवश्यक परेको क्षेत्रमा तत्काल पुर्याउने व्यवस्था र जिम्मेवारी सहितको कार्ययोजना तयार सम्बन्धी कार्य गर्ने,

(२) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद सम्बन्धी कार्य गर्ने,

(३) समितिले खोज तथा उद्धारका लागि सामाग्रीहरु जस्तै स्टेचर, गैटी, विल्छे, गमबुट, ज्याकेट, डोरी, टर्च बत्ती अन्य आवश्यक सामग्रीहरु भण्डारको व्यवस्था सम्बन्धी कार्य गर्ने,

(४) विपद्को समयमा क्लस्टर र विषयगत शाखाहरु परिचालनका लागि जिम्मेबारी तोकी तत्पर रहने व्यवस्था गर्ने,

(५) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन सम्बन्धी कार्य गर्ने,

(६) वडा स्तरमा पूर्वसूचना प्रणाली (भाईवर, ह्वाट्सएप, म्यासेन्जर संजाल) का लागि विपद् सूचना समूह बनाई सो समूहलाई जिम्मेवारी दिने व्यवस्था सम्बन्धी कार्य गर्ने,

(७) उच्च जोखिमयुक्त स्थानको पहिचान तथा धन जनको तथ्याङ्क संकलन गरी स्थानान्तरणको कार्य गर्ने,

(८) विपद्को समयमा परिचालनका लागि स्वयम् सेवकहरू र टोल विकास र सामुदायिक संस्थाहरुको गठन र उनीहरुको क्षमता विकास तथा परिचालनका सम्बन्धी कार्य गर्ने,

(९) नगरपालिका स्तरमा खोज तथा उद्धार समूहहरु वा द्रुत प्रतिकार्य टोली गठन र खोज तथा उद्धार समूहहरुको क्षमता विकासका लागि विपद्बाट सुरक्षित रहने सम्बन्धमा सूचना प्रवाह, कृतिम घटना (नमूना) अभ्यास संचालन गर्ने, नमूना अभ्यासहरुको लागि नदी थुनिएको अवस्था र बाढीको अवस्था तथा पहिरो गएको अवस्थाको नमूना अभ्यासहरु गर्ने,

(१०) विपद् प्रभावितलाई प्राथमिक उपचार गर्नका लागि प्राथमिक उपचार टोली गठन र उनीहरुको क्षमता विकास तथा परिचालनका लागि तत्पर रहने व्यवस्था गर्ने,

(११) महामारी, आगलागी, हुरीबतास, पहिरो, बाढी, हिमपात जस्ता कारणबाट सम्भावित विपद्को घटना हुन सक्ने अवस्थामा सर्वसाधारणालाई तत्काल सूचना सहित सचेत गर्ने गराउने सम्बन्धी कार्य गर्ने,

(१२) विपद्को समयमा प्रयोगका लागि खुला सुरक्षित स्थानहरु पहिचान र जनचेतना कार्यक्रम संचालन गर्ने,

(१३) विपद् प्रभावितलाई प्राथमिक उपचार गर्नका लागि प्राथमिक उपचार टोली गठन र उनीहरुको क्षमता विकास तथा परिचालनका लागि तत्पर रहने व्यवस्था सम्बन्धी कार्य गर्ने,

(१४) सुख्खा मौसममा नगरपालिका क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि पूर्वतयारी गर्ने र सम्भावित ठाउहरुमा जनचेतनाका कार्यक्रमहरु संचालनको व्यवस्था सम्बन्धी कार्य गर्ने,

(१५) जीवन वीमाको माध्यमबाट मानवीय क्षति तथा निर्जीवन बीमाको माध्यमबाट निजी, सार्वजनिक र सार्वभौम सम्पत्तिको (Sovereign Assests) विपद् क्षतिको आर्थिक पुनर्भरण सम्बन्धी कार्यका लागि कोष परिचालन गर्ने,

(१६) सार्वजनिक क्षेत्रका पूर्वाधार, धार्मिक, ऐतिहासिक, साँस्कृतिक सम्पत्तिहरु र सार्वभौम दायित्व (Sovereign Liabilities) हरुको विपद् पश्चात पुननिर्माणका निमित्त पहिलो क्षति (First Loss) बीमाको माध्यम र तहगत जोखिम सुरक्षण विधि (Risk Layering Approach) बाट जोखिम हस्तान्तरण सम्बन्धी कार्य गर्न कोषको प्रयोग गर्ने,

(१७) आठविसकोट नगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने र देशका अन्य ठाउँमा स्थायी घर भै नगरपालिका भित्र सरकारी तथा गैर–सरकारी क्षेत्रमा काम गर्ने नेपाली नागरिकको प्राकृतिक विपद्बाट हुने मानवीय क्षतिलाई सामुहिक बीमा कार्यक्ृmम मार्फत व्यवस्था गर्ने,

(१८) विपद् प्रभावित क्षेत्रमा महिला, जेष्ठ नागरिक, बालबालिका, असक्त, अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा परेका विपन्न समुदायका लागि पूर्व तयारीको प्राथकिकता साथ व्यवस्था गर्ने,

**ग) विपद्मा खोज, उद्धार र राहत सम्बन्धी कार्यः**

(१) विपद् प्रभावित क्षेत्रको र समुदायमा विपद्को असर र प्रभावको निरन्तरतालाई रोक्ने र आपत्कालीन सेवा संचालन गर्ने,

(२) विपद्बाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्ने,

(३) खोज, उद्धार र राहतको लागि तत्काल आवश्यकक सञ्चार तथा यातायात सूचारु गर्ने र आधुनिक साधन अवरोध भएको अवस्थामा सूचना प्रवाहका परम्परागत साधन सहनाई, दमाहा, सिठी, लगायत कला वा हाक हाल्ने प्रथा प्रयोग गर्ने,

(४) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि तयार गरिएको अस्थायी शिविर वा आश्रयस्थल व्यवस्था गर्ने,

(५) विपद्को कारणबाट घाइते वा बिरामी भएका वा महामारीबाट गम्भिर बिरामी परेका व्यक्तिको औषधोपचारका लागि स्वास्थ्य केन्द्र वा अस्पताल पुर्याउने व्यवस्था गर्ने र स्वास्थ्य बीमामार्फत पुनर्भरण जस्ता माध्यमबाट स्वास्थ्य उपचारको व्यवस्था मिलाउने,

(६) विपद्को समयमा खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवकहरू तथा विशेषज्ञको परिचालन गर्ने,

(७) विपद् प्रभावितलाई मनोसामाजिक उपचार तथा मनोविमर्श प्रदान गर्ने,

(८) विपद् प्रभावित व्यक्तिले राहातका लागि हानी नोक्सानी मूल्यांकन खुलाई सर्जमिन सहित निवेदन दिएमा मापदण्ड अुसारको राहात उपलब्ध गराउने,

(९) विपद्बाट उच्च प्रभावित भएका ठाउँहरुमा उच्च जोखिम हुन सक्ने परिवारको सुरक्षाका लागि नगरपालिकाले सुरक्षित स्थानमा अस्थायी रूपमा स्थानान्तरण गरी शिविर समेत सञ्चालन गर्ने र यस कार्यका लगि जिल्ला विपद् व्यवस्थापन समितिसंग सहयोग माग गर्ने,

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(१०) अस्थायी रूपमा स्थानान्तरण गरी शिविरमा रहेका व्यक्ति र परिवारलाई निश्चित दिन तोकी नगरपालिकाले निर्णय गरी अनुसूची–१ बमोजिम निर्धारित न्यूनतम खर्च टोकरीको आधारमा नगद सहायता रकम कोषले उपलब्ध गराउने,

(११) विपद्को कारण कुनै परिवारमा कसैको मृत्यु भएमा वा एकै परिवारमा एक भन्दा बढी व्यक्तिको मृत्यु भएमा वा एकाघरका परिवारका सबैको मृत्यु भएमा र काज किरिया खर्चबापत विपद् सम्वेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम राहत रकम उपलब्ध गराउने र जिल्ला विपद् व्यवस्थापन समितिसँग सोधभर्ना लिने,

(१२) विपद्को घटना भएको क्षेत्रमा भएका भत्किएका भग्नावशेष, मृत चौपाया आदिको व्यवस्थापन गर्ने,

(१३) विपद्को कारणबाट भएको फोहरमैला विसर्जन गर्ने ठाउँ ताक्ने व्यवस्था गर्ने ।

(१४) विपद्जन्य कारणले सडक दुर्घटना भै प्रभावित वा घाइते भएका व्यक्तिको औषधोपचारको व्यवस्था मिलाउने,

(१५) विपद् पश्चात विपद्बाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(१६) विपद् प्रभावित क्षेत्रमा खोज उद्धार र राहतका लागि महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त, अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा परेका विपन्न समुदायका लागि प्राथमिकताका साथ व्यवस्था गर्ने,

**(घ) विपद् पछिको पुनस्र्थापना र पुनःनिर्माण सम्बन्धी कार्यः**

(१) विपद्को समयमा विपद्बाट घरवार विहिन भएकालाई खेल मैदान र खुला ठाउँहरुमा अस्थायी रुपमा पालको प्रयोग गरी आश्रयस्थल निर्माण गरी राखिएकोमा पालहरु पुराना भै फाट्ने टुट्ने भएकोमा सुरक्षित आश्रयस्थल मर्मत तथा निर्माण गर्ने,

(२) विपद्को कारण पूर्ण रूपमा घर नष्ट भएको वा सम्भावित खतराबाट जोगिन अस्थायी आवास निर्माण आवश्यक भएका घर परिवारका लागि अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१, बमोजिम रकम उपलब्ध गराउने,

(३) क्षति भएका निजी आवास प्रबलीकरण, पुनर्निर्माण र पुनस्र्थापनाको लागि विपद् प्रभावित निजी आवास प्रबलीकरण, पूनर्निर्माण तथा पुनस्र्थापना अनुदान कार्यविधि, २०८१, बमोजिम अनुदान रकम उपलब्ध गराउने,

(४) क्षति भएका निजी तथा सार्वजनिक भवनहरुको प्रीमियम गरी क्रमश लागत घटाउने सम्बन्धी कार्य गर्ने,

(५) विपद्बाट जीविकोपार्जनका अवसर गुमाएका परिवारका लागि सिप विकास तालिम, सहुलियतपूर्ण कर्जा, उद्यम विकास जस्ता कार्यक्रममा समावेश हुनका लागि स्थानीय तहले सिफारिस गर्ने र साझेदारीका लागि आवश्यक कार्य गर्ने,

(६) साझेदार संस्थाबाट प्राप्त हुने मानवीय सहायता नगरपालिकाले साझेदार संस्थासँगसमन्वय गरी स्रोत साधन परिचालन गर्ने गराउने,

(७) विपद् प्रभावित क्षेत्रमा क्षतिग्रस्त भएका नगरपालिका मातहतका कार्यालय भवनहरुको मर्मत, प्रबलीकरण र पुनर्निर्माण सम्बन्धी कार्य गर्ने गराउने,

(८) विपद् प्रभावित क्षेत्रमा महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायत जोखिम संवेदनशिल अवस्थामा रहेका समूहका लागि मापदण्ड बमोजिम सहायताको विशेष प्राथमिकताका साथ व्यवस्था मिलाउने,

(९) समितिले आवश्यक ठानी निर्णय गरे बमोजिमको विपद् व्यवस्थापन सम्वन्धी अन्य काम गर्ने ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(२) दफा १० को उपदफा (१) बमोजिमका कार्यहरु नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार लगायतका निकायहरु संग लागत सहभागिता र साझेदारीको आधारमा बजेटको व्यवस्था गरी नगरपालिकाले कार्यान्वयन गर्न सक्नेछ। यसरी कार्य गर्दा नगरपालिकाले कूल लागतमा ३० प्रतिशत लागत सहभागिताको लागि व्यवस्था गर्ने।

(३) उपदफा (२) बमोजिम नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार लगायतका निकायहरु संग लागत सहभागितामा कार्य गर्दा लागत सहभागिताका साझेदार निकायहरुबिच छलफल गरी प्रतिशत निर्धारण गर्न आवश्यक भएमा छलफलका लागि बैठक बसी निर्णय भए अनुसार कुल लागतको प्रतिशत निर्धारण गरी कार्यान्वयनको व्यवस्था गर्न सकिनेछ।

(४) नगर विपद् व्यवस्थापन समितिले दफा १० को उपदफा (१) बमोजिमका कार्य गर्दा कुनै कार्यक्षेत्रको विषयमा नगर कार्यपालिकाले निर्णय गरेको भए सो निर्णयलाई समेत मध्यनजर गरी कार्यसम्पादन गर्नु पर्नेछ।

## परिच्छेद–४: पूर्वानुमानमा आधारित राहत

### ११. पूर्वानुमानमा आधारित राहत व्यवस्थापन सम्बन्धी कार्यः

(१) विपद्को पूर्वानुमान गर्ने कुनै निकायबाट पूर्व सूचना वा पूर्वानुमानका आधारमा प्राधिकरणले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम उच्च जोखिमको सम्भावनाको पूर्व चेतावनी (एडभाईजरी) जारी गरेको अवस्थामा नगरपालिकाले उच्च प्रभावित हुन सक्ने परिवारको सुरक्षाका लागि सुरक्षित स्थानमा अस्थायी रूपमा स्थानान्तरण गरी शिविर संचालन गर्ने।

(२) उपदफा (१) बमोजिम शिविरमा स्थानान्तरण भएका सङ्कटासन्न अवस्थामा रहेका व्यक्ति तथा घर परिवार र जोखिममा परेका आर्थिक रूपमा विपन्न घरपरिवारलाई जीउधनको रक्षा तथा जीविकोपार्जनको लागि विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ समेतको आधारमा यस कार्यविधिको अनुसूची–२ बमोजिम निर्धारित न्यूनतम खर्च टोकरी अनुसार बढीमा पाँच दिनसम्मको नगद सहायता रकम राहत स्वरुप कोषबाट उपलब्ध गराउने।

(३) उपदफा (२) बमोजिम राहत स्वरुप कोषबाट उपलब्ध गराएको रकम जिल्ला विपद् व्यवस्थापन समितिबाट सोधभर्ना लिने व्यवस्था गर्ने।

(४) उपदफा (१) को अवस्थामा अस्थायी रुपमा स्थानान्तरण गरिएका घर परिवारलाई बजार सम्मको पहुँच राम्रो रहेकोमा नगद रकम उपलब्ध गराउने र बजार सम्मको पहुँच हुन नसक्ने अवस्थामा देहाय बमोजिमको प्रक्रियाका आधारमा समितिले निर्णय गरी नगद रकम बराबरको वस्तुगत सहायता दिन सकिनेछः–

(क) खाद्य तथा गैरखाद्य सामग्रीको सूची स्थानीय अवस्थाको आधारमा निर्धारण गर्ने,

(ख) बजारसम्मको पहुँचको अवस्था रहे नरहेको सम्बन्धमा निर्णय गर्ने,

(ग) वस्तुगत सहायता वितरण सम्बन्धी निर्णयको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउने।

(५) उपदफा (२) बमोजिमको सहायता उपलब्ध गराउँदा प्रभावित हुने क्षेत्रका महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त, अपाङ्गता भएका व्यक्ति लगायत विपन्न अवस्थामा रहेका समुदायका लागि प्राथमिकताका आधारमा व्यवस्था गर्ने,

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(६) नगर विपद् व्यवस्थापन समितिले दफा (११) बमोजिमका कार्य गर्दा कुनै कार्य क्षेत्रको विषयमा नगर कार्यपालिकाले कुनै निर्णय गरको भए सो निर्णयलाई समेत मध्यनजर राखि कार्य सम्पादन गर्ने ।

## परिच्छेद–५: कोषमा रकम माग र खर्च गर्ने प्रक्रिया

### १२. **कोषमा रकम माग गर्ने प्रक्रिया:**

(१) यसै कार्यविधिको दफा १० र ११ बमोजिमका कार्यहरु गर्नका लागि नगरपालिकाले प्राधिकरणबाट र अन्य निकायहरु तथा संस्थहरुबाट रकम माग गर्दा नगर विपद् व्यवस्थापन समितिले कार्यक्रमका विवरण तयार गर्नु पर्नेछ र सो समितिले तयार गरेको कार्यक्रमको विवरण समेतको आधारमा माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गर्दा देहाय अनुसारको विवरण सहित नगद रकमको लागि अनुसूची–३ को ढाँचामा माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गर्दा देहाय अनुसारको विवरण सहित नगद रकमको लागि अनुसूची–३ को ढाँचामा नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार लगायत जुन निकाय संग माग गर्नु पर्ने हो ती निकायहरुका कानून तथा कार्यविधिमा व्यवस्था गरिएका प्रक्रियाहरुको अवलम्बन गरी माग गर्नु पर्नेछ ।

(क) विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य र पूनःनिर्माण तथा पुनरुस्थापना सम्बन्धी जुन काम गर्नु पर्ने हो त्यस कार्यक्रमको स्वीकृत विवरण र प्राविधिक प्रतिवेदन सहितको लागत अनुमान,

(ख) राहत वितरणका लागि आवश्यक भएको अवस्थामा अनुमानित रकम,

(ग) लागत सहभागितामा कार्य गर्दा नगरपालिकाको तर्फबाट ३० प्रतिशत सम्मको रकम र लागत सहभागिताका लागि माग गरिने निकायको तर्फबाट प्राप्त हुनु पर्ने अंक,

(घ) अन्य आवश्यक विषयहरु

तर धनजनको क्षतिको हिसाबले आकस्मिक रुपमा माग गर्नु परेमा वा निर्णय प्रक्रिया अवलम्बन गर्दा ढिला हुने देखिएमा पछी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने गरी सिधै माग गर्न सकिने छ ।

(३) नगरपालिकाले प्राधिकरण र अन्य निकायहरुबाट प्राप्त रकम र सहयोगको प्रतिवेदन नियमित रुपमा जिल्ल्ला विपद् व्यवस्थापन समिति र रकम उपलब्ध गराउने निकायहरुलाई पठाउनु पर्नेछ ।

### **१३. कोषमा प्राप्त भएको रकम खर्च गर्ने प्रक्रिया:**

(१) नगरपालिकाले विपद् व्यवस्थापन कोषमा प्राप्त भएको रकम परिचालन र खर्च गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

(२) कोषमा जम्मा भएको रकम प्रयोग तथा खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न नगर विपद् व्यवस्थापन समितिले निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद्को घटना भै तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्थामा उपदफा (२) बमोजिम नगर विपद् व्यवस्थापन समितिको बैठक बस्न नसकेमा समयावधि तोकी कोषबाट अधिकतम पचास हजार सम्म खर्च गर्न समयावधि समेत तोकी सो समितिले संयोजकलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(४) उपदफा (३) बमोजिम संयोजकले समितिको बैठकमा कार्यको विवरण सहित खर्चको जानकारी गराउने गरी एक पटकमा बढीमा पचास हजार सम्मको रकम खर्च निकासा गर्नु पर्नेछ ।

(५) प्राधिकरण, नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट समेत नगरपालिकाको विपद् व्यवस्थापन कोषमा प्राप्त रकमको खर्च प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ ।

(६) नगरपालिकाले विपद् व्यवस्थापन कोषको आम्दानी, खर्च र मौज्दात सम्बन्धी समितिले तयार गरेको विवरण अनुसूची–४ बमोजिमको फारममा भरी जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र प्राधिकरणमा पठाउनु पर्नेछ ।

**१४. रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहनेः**

(१) दफा ५ को उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

तर कुनै शर्त राखी उपलब्ध गराएको शर्त बमोजिम प्राप्त सहायतालाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पुर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ ।

(३) कोषमा मौज्दात भएको रकम खर्च गर्दा दश लाख रूपैया भन्दा न्यून हुने देखिएमा नगरपालिकाले तत्कालै थप रकम कोषमा जम्मा गर्ने व्यवस्था गरी खर्च गर्नु पर्नेछ ।

**१५. कोष प्रयोग देहायका विषयमा गर्न नहुनेः**

(१) कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम देहायको प्रयोजनमा खर्च गरिने छैन ।

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख)कुनै सरकारी वा गैर सरकारी कर्मचारी र पदाधिकारी तथा विपद् व्यवस्थापन सम्बन्धी समितिका पदाधिकारी र सदस्यहरुलाई पारिश्रमिक तथा भत्ता र भ्रमण भत्ता, भ्रमण खर्च वा अन्य आवश्यक खर्च उपलब्ध गराउन,

(ग) विपद्बाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(घ) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा–सम्मेलन सञ्चालन गर्न, गराउन,

(ङ) नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न, गराउन,

(च) विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधार निर्माण बाहेकको पूर्वाधार निर्माण र विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन,

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

(छ) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन ।

२) यस कार्यविधिमा उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि विपद्को समयमा उद्धारका लागि लाग्ने यातायात, संचार, भण्डारण, प्याकिङ, ढुवानी लगायत अत्यावश्यक कार्यका लागि आवश्यक खर्च कार्यपालिकाले तोके बमोजिमको सिमा र प्रक्रियामा रहेर समितिको निर्णयमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद–६: कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

**१६.कोषको सञ्चालनः**

(१) कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

(४) कुनै कारणले वा अवस्थाले कोषमा स्रोत तथा शिर्षक नखुलेको रकम भएमा सो रकमबारे  कार्यपालिकाबाट निर्णय गराई खर्च गर्न सकिने छ ।

**१७. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिक गर्नेः**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

**१८. लेखापरीक्षणः**

(१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नगर कार्यपालिकाले चाहेमा कोषको हिसाब किताब जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) नगर कार्यपालिकाको कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक परीक्षणको व्यवस्था मिलाउनेछ ।

(५) उपदफा (४) बमोजिमको सामाजिक र सार्वजनिक परीक्षण कार्यको लागि अग्रसरता र जवाफदेहिता समितिको पनि हुनेछ ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

## परिच्छेद–७: विविध

**१९. जिल्लामा रहेका सरकारी निकाय, संघ सस्था तथा समुदायको सहयोगः**

(१) रुकुम (पश्चिम) जिल्लामा रहेका संघ र प्रदेश सरकार मातहतका निकायहरु, नगरपालिका क्षेत्रमा कार्यरत रहेका विकास साझेदार, सामाजिका तथा सामुदायिक संस्थाहरुबाट नगरपालिकाले कोष परिचालन तथा विपद् व्यवस्थापनका लागि देहाय बमोजिमका कार्यहरु समेतमा सहयोग लिन सक्नेछ ।

(क) जिल्ला प्रशासन कार्यालय र जिल्ला विपद् व्यवस्थापन समितिबाट तीन तहका सरकारी निकायहरुबिच समन्वय र स्थानीय तहहरुका लागि पूर्वतयारी र प्रतिकार्यमा दोहोरोपना नहुने वातावरण बनाउने र एकद्वार प्रणाली समेत अवलम्बन गर्ने कार्य,

(ख) नेपाल रेडक्रस सोसाईटी जिल्ला समितिबाट क्षमता विकास, उद्धार, राहत वितरणमा सहयोग सम्बन्धी कार्य,

(ग) जिल्लामा रहेका सुरक्षा निकायहरुबाट खोज, उद्धार र सुरक्षा सम्बन्धी कार्य,

(घ) जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रबाट विपद् सम्बन्धी तथ्यांक संकलनमा सहयोग र स्थानीय आपत्कालीन कार्यसंचालन केन्दहरुबिच समन्वय कायम गर्ने सम्बन्धी कार्य,

(ङ) कर्णाली प्रदेश अन्तर्गतका सरकारी निकायहरुले संचालन गरेका विपद् व्यवस्थापनसंग सम्बन्धित कार्य,

(च) जिल्लामा रहेको पूर्वाधार कार्यालयबाट पूनर्निर्माणमा आवश्यक सहयोग सम्बन्धी कार्य,

(छ) स्वास्थ्यसंग सम्बन्धित संस्थाहरुबाट विपद् पूर्वतयारी, स्वास्थ्य उपकरण र विशेषज्ञ सहितको स्वास्थ्य आपत्कालीन टोलीको व्यवस्थामा सम्बन्धी कार्य,

(ज) जिल्ला र नगरपालिका क्षेत्रमा कार्यरत गैर–सरकारी संस्था महासंघबाट विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने संस्थाहरुसंग समन्वय गरी विपद्को समयमा राहत वितरणको कार्य एकद्वार प्रणालीबाट गर्ने कार्यमा सहयोग सम्बन्धी कार्य्य,

(झ) नगरपालिकामा रहेका वा छिमेकी स्थानीय तहमा रहेका शिक्षण संस्थाहरुबाट विपद्को समयमा सुरक्षित आश्रय स्थलका लागि सो ठाउँ उपलब्ध गराउने कार्य,

(ञ) नगरपालिकामा रहेका वा छिमेकी स्थानीय तहमा रहेका उद्योग बाणिज्य संघबाट विपद् पूर्वतयारीका लागि सामाग्री भण्डारण र विपद्को समयमा खाद्यान्न तथा राहत सामाग्री आपूर्तिका लागि सहयोग गर्ने कार्य,

(ट) नगरपालिकामा रहेका वा छिमेकी स्थानीय तहमा रहेका सहकारी र वित्तीय संस्थाहरुले विपद्को समयमा र पुननिर्माणको समयमा सुलभ ऋण उपलब्ध गराउने कार्य,

(ठ) नगरपालिकामा रहेका टोल विकास संस्था, आमा समूहहरु, बाल क्लब, युवा क्लबहरु र सामुदायिक संस्थाहरुबाट विपद् व्यवस्थापनको लागि जनचेतना र सूचना प्रचार तथा राहत वितरणका कार्यमा सहयोग सम्बन्धी कार्य,

(ड) संयुक्त राष्ट्रसंघीय निकाय अन्तर्गतका कार्यक्रम तथा आयोजनाबाट विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, जीविकोपार्जन र पुनर्लाभ जस्ता कायक्रमहरु संचालन गर्ने कार्य,

(ढ) विकास साझेदार निकायहरुबाट जोखिममा रहेका बस्तीहरु तथा परिवारको पहिचानमा प्राविधिक सहयोग, विपद् जोखिम न्यूनीकरणका आयोजना संचालन, विपद् पूर्वतयारी, प्रतिकार्य, पुनस्थापना, जीविकोपार्जन, मनोसामाजिक परामर्श लगायतका कार्यमा सहयोग सम्बन्धी कार्य ।

**२०. सहयोगका लागि आह्वान गर्नेः**

(१) विपद्का कारण आपत्कालीन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा नगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवा क्लव, आमा समूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, पबुद्ध व्यक्ति तथा आम सर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

**२१. अभिलेख राख्नेः**

(१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य–सचिवको जिम्मामा रहनेछ ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

**२२. अनुगमनः**

(१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको २ जना सदस्य समेत संलग्न रहेको अनुगमन टोली बनाई कोष परिचालनबाट भएको कामको अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ । सो प्रतिवेदको आधारमा समेत समितिले जिल्ला विपद् व्यवस्थपन समिति, प्रदेशको विपद् व्यवस्थापन कार्यकारी समिति प्राधिकरणमा चौमासिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सो त्रुटीलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न तत्काल निर्देशन दिन सक्नेछ र सो विषयलाई समितिको बैठकबाट छलफल गरी निर्णय लिइनेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीले अनुगमन गर्दा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघसंगठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि समेतलाई संलग्न गराउन सकिनेछ।

(७) नेपाल सरकार र मातहतका निकाय, प्रदेश सरकार र मातहतका निकाय र जिल्ला विपद् व्यवस्थापन समितिबाट उपलब्ध भएको नगद् रकम वा वस्तुगत सहायताबाट भए गरेका कार्यहरुको अनुगमनको लागि उल्लिखित निकायहरुबाट अनुगमनको लागि टोली नगरपालिका क्षेत्रमा आउदा समितले आवश्यक सहयोग गर्नेछ।

**२३. कार्यविधिमा व्यवस्था गरिएका प्रवधानहरुको कार्यान्वयन र योजनामा आबद्धताः**

(१) यस कार्यविधिको दफा १० र ११ मा व्यवस्था गरिएका कार्यहरु र अन्य प्रवधानहरुको नगरपालिकाबाट कार्यान्वयन व्यवस्था गर्दा नगरपालिकाको योजनाहरुसंग आबद्धता गरिने छ र समावेशीकरणको अवधारणलाई अवलम्बन गरिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु सम्पादन गर्नका लागि नगरपालिलकाको वार्षिक योजना र आवधिक योजना तथा मध्यकालीन योजना संग आबद्ध गरी कार्यान्वयनमा ल्याउन नगरपालिलकाको विपद् व्यवस्थापन समिति, नगरकार्यपालिका र नगरसभाको प्रमुख भूमिका रहनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका कार्यहरु र कार्यविधिका अन्य प्राबधानहरु कार्यान्वयन गर्दा बालबालिका तथा जेष्ठ नागरिकका विषय, लैङ्गिकता, अशक्तता, अपाङ्गता, सिमान्तकृत र विपन्न वर्गको विषयलाई समावेशीकरणको अवधारण अनुरुप संबोधन गर्न ध्यान दिईनेछ।

**२४. निर्देशन दिन सक्नेः**

नगरसभा र नगर कार्यपलिकाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**२५. कार्यविधि बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख गरिएका विषयहरु यसै कार्यविधि बमोजिम हुने र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु नगरपालिकाको कानून तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

**२६. खारेजी र बचाउः**

(१) आठविसकोट नगरपालिकाको विपद् व्यवस्थाँपन कोष (संचालन) कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) आठविसकोट नगरपालिकाको विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबााही यसै कार्यविधि बमोजिम भए गरको मानिनेछ।

## अनुसूची –१

### (दफा ९ को उपदफा (२) संग सम्बन्धित)

सशर्त सहायताका उदाहरणहरु

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार जोखिम ठाउँहरुको नक्शाङ्कन, विपद् नदी किनार तथा पहिरो जाने आदि असुरक्षित ठाउँका व्यक्ति तथा समुदायलाई स्थानान्तरण, उच्च जोखिममा रहेका बस्तीको अध्ययन लगायतका कार्यका लागि नेपाल सरकारको प्राधिकरणबाट प्राप्त हुने रकम वा वस्तुगत सहायता।

(ख) कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली (संशोधन समेत), २०७६ अनुसार विपद् जोखिमको कारण असुरक्षित ठाउँका व्यक्ति तथा समुदायलाई स्थानान्तरण, विपद् प्रभावितलाई अस्थायी आश्रयस्थल निर्माण, विपद्बाट प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक अशक्त, अपाङ्गता भएका व्यक्तिलाई राहतको विशेष व्यवस्था लगायतका कार्यका लागि प्रदेश सरकारबाट प्राप्त हुने सशर्त रकम वा वस्तुगत सहायता।

(ग) विपद् व्यवस्थापन कोष कार्यविधि, २०७९ अनुसार विपद् जोखिम न्यूनीकरणका सम्बन्धी कार्य, विपद् प्रभावित ठाउँमा आपत्कालीन सेवा, सामुहिक अस्थायी आश्रयस्थल निर्माण, जीविकोपार्जन र पुनस्थापनाका लागि मापदण्ड बमोजिमको सहायता, विपद् प्रभावित क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्तिलाई राहतको विशेष व्यवस्था लगायतका कार्यका लागि प्राधिकरणबाट प्राप्त हुने सशर्त रकम वा वस्तुगत सहायता।

(घ) विपद् प्रभावित निजी आवास प्रबलीकरण, पूनर्निर्माण, तथा पुनस्थापना अनुदान कार्यविधि, २०८१ अनुसार विपद् प्रभावित निजी आवास प्रबलीकरण, पूननिर्माण, तथा पुनस्थापनाका लागि प्राधिकरणबाट प्राप्त हुने सशर्त अनुदान सहायता।

(ङ) विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार विपद् जोखिम पूर्वानुमानमा आधारित राहत, विपद्मा परी मृत्यु भएमा उपलब्ध गराउने राहत, शिघ्र पुनर्लाभ राहत लगायतका कार्यका लागि प्राप्त हुने अनुदान सहायता।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

## अनुसूची–२

**( दफा ११ को उपदफा (२) संग सम्बन्धित)**

न्यूनतम खर्च टोकरी

न्यूनतम खर्च टोकरी निर्धारणको लागि नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९–८० अनुसारको गरिबीको रेखालाई आधार मानिएको छ। यसमा खाद्य र गैर खाद्य दुवैको न्यूनतम आवश्यकता समेटिएको छ।

१. खाद्य गरिबीको रेखाः

(क) प्रतिव्यक्ति न्यूनतम आवश्यक क्यालोरीः २,२३६।–

(ख) न्यूनतम आवश्यक क्यालोरीको लागि खाद्य डालोको २०८० को मूल्यमा वार्षिक रु. ३५,०२९ ।–

२. गैर खाद्य गरिबीको रेखाः गैर खाद्य गरिबीको रेखा (२०८० को मूल्यमा) – रु. ३७,८७९ ।–

३. खाद्य र गैर खाद्य समष्टिगत मूल्य (२०८० को मूल्यमा) – रु. ७२,९०८ ।– (प्रतिव्यक्ति दैनिक मूल्य– रु. २०० ।–)

४. न्यूनतम खर्च टोकरीः प्रति परिवार दिइने दैनिक सहायताः प्रति सदस्य रु. २०० ।– को दरले नेपालको औसत परिवारको सदस्य सङ्ख्या ४.२ लाई आधार मान्दा न्यूनतम रु. १,००० ।– देखि र सो भन्दा माथि परिवार सङ्ख्या भएमा अधिकतम रु. १,६०० ।– सम्म।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

## अनुसूची–३

**(दफा १२ को उपदफा (२) संग सम्बन्धित)**

रकम निकासा माग फाराम

| विपद्को प्रकृति | सम्भावित जोखिम | विपद व्यवस्थापनको क्षेत्र | जोखिमबाट क्षतिको अनुमान | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | माग गर्ने निकायको स्रोत | माग गरेको रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने　　　　　पेश गर्ने　　　　　स्वीकृत गर्ने

आठविसकोट नगरपालिका रुकुम (पश्चिम भाग)

## अनुसूची–४

**(दफा १३ को उपदफा (६) संग सम्बन्धित)**

नगरपालिकाको विपद् व्यवस्थापन कोषको प्रतिवेदन

| क्रम | विवरण | स्रोत | गत वर्षको आय | यस वर्षको आय | जम्मा आय | यस वर्षको खर्च नगद | यस वर्षको खर्चवस्तुगत | जम्मा खर्च | श्रेस्ता अनुसार बांकी | बैंक अनुसार बांकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संधीय विपद् व्य. कोष अनुदान | नगद | | | | | | | | | |
| २ | प्रदेश विपद् व्य. कोष अनुदान | नगद | | | | | | | | | |
| ३ | जिल्ला विपद् व्य. कोष अनुदान | नगद | | | | | | | | | |
| ४ | साझेदार संस्थाबाट प्राप्त सहयोग | वस्तुगत | | | | | | | | | |
| ५ | संघ संस्थाबाट प्राप्त सहयोग | | | | | | | | | | |
| ६ | अन्य | | | | | | | | | | |
| ७ | ........... | | | | | | | | | | |
| ८ | .......... | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

तयार गर्नेः पेश गर्नेः स्वीकृत गर्नेः

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम भाग)